सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

०७५-WO-०९४६

विषयः उत्प्रेषण।

| | |
|---|---|
| जनहित संरक्षण मंचको तर्फबाट अख्तियार प्राप्त र आफ्नो हकमा समेत कपिलवस्तु जिल्ला स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने कार्यकारी अध्यक्ष वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मासमेत-------------१ | निवेदक |

विरुद्ध

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत--१ | विपक्षी |

१. नियमानुसार निर्णयार्थ पेश भएको प्रस्तुत रिट निवेदनको व्यहोरा, प्रत्यर्थीहरुको लिखित जवाफ, संलग्न कागजातहरु अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशमणी शर्मा र श्री राजुप्रसाद चापागाई, विद्वान अधिवक्ताहरु श्री शर्मिला श्रेष्ठ, श्री संजय अधिकारी, श्री सृजना सुवेदी, श्री कमल कोइराला, श्री लक्ष्मीनानी थापा र श्री रुपा बस्नेत तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री गोविन्द खनाल, वृज सिमेन्टको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव प्रसाद खनाल, अम्बे स्टीलको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला, विद्वान अधिवक्ता डा.श्री रुद्र शर्मा, अर्घाखाँची सिमेन्टको तर्फबाट विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण, जगदम्बा सिमेन्टको तर्फबाट विद्वान अधिवक्ता श्री नवराज पौडेल र हिमाल स्न्याक्सको तर्फबाट विद्वान अधिवक्ता श्री जगदीश दाहालले पेश गर्नु भएको बहसनोट सहितको बहस सुनियो।

२. विश्वको जनसंख्याको २२ प्रतिशत अर्थात १ अर्ब ७० करोड बौद्ध धर्मावलम्बीहरुको सबैभन्दा पवित्र तिर्थ स्थल तथा हिन्दूहरुले विष्णु भगवानको ९ औ अवतारको रुपमा पूजा आराधना गर्ने भगवान गौतम बुद्धको जन्म स्थल लुम्बिनी विश्व सम्पदा सूची (World Heritage Site) मा सूचीकृत अन्तराष्ट्रिय शान्ति र ध्यानको केन्द्र पनि हो। United Nations Educational, scientific and culture Organization (UNESCO- युनेस्को) ले सन् १९९७ मा लुम्बिनी क्षेत्रलाई ब्रम्हाण्डकै अतुलनीय मूल्य वा असाधारण सार्वभौमिक मूल्य (Outstanding

Universal Value (OUV) भएको धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदाको रुपमा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ। भगवान गौतम बुद्धको वंश शाक्य अधिराज्य (Shakya Kingdom) को राजधानी तिलौराकोट र बुद्धको अवशेष स्तूप रहेको रामग्रामलाई विश्व सम्पदाको सम्भाव्य (Tentative List) सूचीमा राखिएको छ। ऐतिहासिक, पुरातात्विक धार्मिक र सांस्कृतिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण यो क्षेत्र समेतका कारण नेपालले विश्वमा अलग पहिचान बनाउन सफल भएको छ।

३. भगवान बुद्धको जन्म ई.पू. ६२३ मा नेपालको दक्षिणी भू-भागमा अवस्थित पवित्र स्थल लुम्बिनी क्षेत्रमा भएको थियो भन्ने सबैभन्दा महत्वपूर्ण प्रमाणिक इतिहास मौर्य सम्राट अशोकद्वारा ई.पू. २४९ मा स्थापना गरिएको आशोक स्तम्भ र सोमा ब्राम्ही र पाली भाषामा बुद्धको जन्मस्थल लेखिएको शिलालेखलाई मानिन्छ। वातावरणीय प्रदुषणका कारण सो स्तम्भ क्षतिग्रत हुँदै गै रहेको छ। सो संगै रहेको मायादेवी मन्दिर, शाक्य कुण्ड र ई.पू. तेस्रो शताब्दी देखी इश्वी सम्वत १५ औ शाताबदीसम्मका बौद्ध स्तूप र मठहरुले भगवान बुद्धको जन्मसंग सम्बन्धित पुरातात्विक अवशेषहरुलाई प्रमाणिक रुपमा विश्व सामू प्रस्तुत गरेको यूनेस्को लगाएतका धेरै स्थलगत प्रतिवेदन र रिपोर्टहरुले समेत प्रष्ट पारेको छ। यसबाट नेपालको अलग अन्तराष्ट्रिय पहिचान र राष्ट्रिय मेहत्त्व विश्वसामू स्थापित गर्न ठूलो बल पुगेको हुँदा यसको रक्षा (संरक्षण तथा सम्वर्द्धन) गर्नु नेपालको राष्ट्रिय स्वार्थको (National interest) विषय पनि रहेको छ भन्नेमा विमति छैन।

४. नेपाल १९७८ मा यूनेस्कोको The World Heritage Convention, 1972 को सदस्य राष्ट्र भएकाले त्यो अन्तर्गत रहेको World Heritage Committee बाट विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक पुरातात्विक, धार्मिक वा सांस्कृतिक स्थलहरुलाई निरन्तरता दिन चालिनुपर्ने संरक्षण र संवर्द्धन सम्बन्धी सुझाव र निर्णय प्रति संवेदनशील हुन जरुरी छ। लुम्बिनी विश्वको अनुलनीय सम्पदा (Outstanding Universal Value (OUV) मा सूचीकृत भएको दुई वर्ष पछि (१९९९) बाट नै यसको धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वको रक्षाका लागि १७ पटक उच्चस्तरका अध्ययन/छानविन टोलीहरु पठाई पटक पटक लुम्बिनी क्षेत्रमा रहेको विश्व सम्पदा माथि वातावरण प्रदुषणबाट परिरहेको क्षतिबारे सजग गराईएको देखिन्छ। भगवान बुद्धको जन्मस्थल लुम्बिनीको निकटवर्ती क्षेत्रमा रहेका सिमेन्ट उद्योग लगायतका प्रदूषण तथा कार्बन उत्सर्जन गर्ने उद्योगहरूका कारण अशोक स्तम्भ जस्ता ऐतिहासिक संरचनाहरू तथा सम्पूर्ण लुम्बिनी क्षेत्रका पवित्र स्थलहरूमा पर्न गएको क्षति र प्रदूषित वायुको हानिकारक प्रभावलाई छिटो न्यूनीकरण गर्न नसकिएमा, खतराको सूचीमा राखि विस्तारै विश्व सम्पदा सूचीबाट लुम्बिनीको नाम हटाइने स्थितिसम्म पनि आइपुग्न सक्ने

जोखिम रहेको छ। यो गम्भीर सम्भावनालाई मध्यनजर राख्दा, नेपाल सरकारले यस विषयमा तत्काल प्रभावकारी र ठोस कदम चाल्नुपर्ने आवश्यकता छ।

५. जैविक विविधताको हिसाबले पनि लुम्बिनी धेरै नै महत्त्वपूर्ण मानिएको छ। लुम्बिनीमा १६ वटा सिमसार क्षेत्र रहेका छन् र ति सिमसार क्षेत्रमा सारस लगाएतका विभिन्न चराहरुको वासस्थान रहेको पाइन्छ। पछिल्लो अनुसन्धानले नेपालमा पाइने ६९० सारस मध्ये ६५२ वटा लुम्बिनीमा रहेको पाईएको छ। लुम्बिनी क्षेत्रमा अत्याधिक वातावरण प्रदुषणले हराउदै गएका लोपोन्मुख चराचुरुङ्गीको वासस्थानमा समेत गम्भीर क्षति पुगिरहेको छ।

६. नेपालको संविधानको धारा ५१(ठ) मा राखिएको नेपालको पर्यटन सम्बन्धी नीतिमा ". नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने , पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने" भन्ने व्यवस्था रहेको छ। यसबाट नेपाली अर्थतन्त्रको महत्त्वपूर्ण आधार ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदा केन्द्रित पर्यटन उद्योगको विकास भन्नेमा विवाद रहेन।

७. लुम्बिनी मासिएमा अर्को लुम्बिनी बन्न सक्दैन। उद्योग सार्न सकिन्छ यसको विकल्प खोज्न सकिन्छ तर लुम्बिनी सार्न वा यसको विकल्प खोज्न सकिदैन। तसर्थ, लुम्बिनीलाई नेपाल र नेपालीले गर्नसक्ने सम्पूर्ण निर्णय र प्रयास गरी बचाउन जरुरी छ। उद्योग, कलकारखानाले रोजगारी दिन्छन्, राजश्वमा योगदान पुऱ्याउँछन भन्ने तथ्यलाई स्वीकार्दा पनि लुम्बिनी आफैमा धेरै ठुलो आध्यात्मिक उद्योग हो र यसले पर्यटन उद्योगको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावको तुलना अन्य उद्योगसँग गर्न मिल्दैन । लुम्बिनी झण्डै २ अर्ब विश्वको जनसंख्याको धार्मिक आस्थाको केन्द्र र शान्ति र अहिंसा प्रेमी विश्व भरीका मानवहरुको समेत आस्था र आकर्षण स्थल भएकाले विश्व मानवताका लागिसमेत हाम्रो (नेपालको) भू-भाग भित्र रहेको भगवान बुद्धको जन्मस्थल लुम्बिनी र वृहत्तर लुम्बिनीको संरक्षणका लागि आवश्यक सबै कदम चाल्न नेपाल राष्ट्र तयार हुन पर्दछ।

८. लुम्बिनी क्षेत्रको वातावरण प्रदुषणका कारण विश्व सम्पदा माथि परेको नकारात्मक प्रभावको संवेदनशीलता महसुस गरी युनेस्को, लुम्बिनी विकास कोष तथा त्यस क्षेत्रका संघसंस्था समेतको आग्रह र मागलाई मध्यनजर गरी नेपाल सरकार, उद्योग मन्त्रालय अन्तर्गतको औद्योगिक प्रवर्द्धन बोर्डको १९० औ बैठकले Nov.27,2009 (मिति २०६६।०८।१२) मा Decisions of the Government of Nepal's Industrial Promotion Board To Protect the Lumbini Region's Environment ( original signified document) मा लुम्बिनी क्षेत्रको दिर्घकालिन संरक्षणका लागि केही महत्त्वपूर्ण निर्णय लिएको देखिन्छ। उक्त निर्णयको निर्णय

नं. १ मा " विश्व सम्पदा सूचीमा सूचीकृत पर्यटकीय तथा धार्मिक महत्त्वको स्थान लुम्बिनी वरिपरि स्थापना हुने उद्योगहरुले लुम्बिनी क्षेत्रलाई प्रदुषित बनाउदै गएकोले उक्त क्षेत्रमा स्थापित उद्योगहरु बन्द गर्नुपर्ने तथा उद्योगहरु स्थापना गर्न अनुमति तथा दर्ता प्रदान नगर्ने माग सहित लुम्बिनी विकास कोष, त्यस क्षेत्रमा कार्यरत संघ, संस्था तथा सम्बद्ध अन्य निकायहरुबाट व्यापक माग भई रहेको सन्दर्भमा लुम्बिनी क्षेत्रमा स्थापित उद्योगहरुबाट भैरहेको प्रदुषणको असर रोकथामको उपाय र उक्त क्षेत्रमा नयाँ उद्योगहरु स्थापना गर्न दिने/नदिने भई रहेको उद्योगहरुको सन्दर्भमा कस्तो व्यवस्था गर्ने बारे स्थलगत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औ बैठकबाट अध्ययन टोली गठन भएकोमा उक्त टोलीबाट दिएका सुझाव सहितका आधारमा लुम्बिनी क्षेत्रको संरक्षणको लागि वातावरणमा परेको गम्भीर प्रभावलाई कसरी निराकरण गर्ने भन्ने सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने गरी निर्णय भयो:-

क). लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तरतर्फ पर्खाल देखि १५ कि.मी. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बाँया ८०० मी. भित्र कार्बन उत्सर्जन नगर्ने उद्योग बाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने।

ख) माथि उल्लेखित लुम्बिनी क्षेत्रको १५ कि.मि. भित्र यस भन्दा अघि दर्ता भई संचालित उद्योगहरुको उद्योग स्थानान्तरण तथा प्रदुषण नियन्त्रण सम्बन्धमा प्रदुषण निष्काशन गर्ने उद्योगहरुले वातावरण संरक्षण ऐनले तोकिएको प्रदुषण नियन्त्रण मापदण्ड ( Parameter) एवं शर्त पूरा गरी मात्र उद्योग संचालन गर्नुपर्ने। प्रदुषण नियन्त्रणका मापदण्ड एवं शर्तहरु पूरा नगर्ने उद्योगका सम्बन्धमा छलफल गरी २ वर्ष भित्र उद्योग स्थानान्तरण गर्न लगाउने। साथै सो क्षेत्रमा संचालित उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत क्षमता थप गर्न स्वीकृती प्रदान नगर्ने नीति कायम गर्ने।

ग) लुम्बिनी क्षेत्रमा घरेलु तथा कुटीर उद्योगहरुको स्थापनाको लागि IEE गर्नुपर्ने भएका IEE समितिमा लुम्बिनी विकास कोषका प्रतिनिधिलाई समेत समावेश गराउने।

घ) भैरहवा लुम्बिनी सडकको विमानस्थल चोकसम्मको क्षेत्रमा नयाँ उद्योग स्थापना गर्दा भैरहेका उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत क्षमता थप गर्दा IEE/EIA गर्नुपर्ने भएमा IEE/EIA कमिटिमा लुम्बिनी विकास कोषको प्रतिनिधि राख्ने।

ङ) उल्लेखित १५ कि.मि. भित्र दर्ता भैसकेका तर संचालनमा नआएका उद्योगहरुको हकमा समेत त्यस्ता उद्योगहरुले तोकिएको वातावरण प्रदुषण मापदण्ड एवं शर्तहरु भित्र रहने गरी उद्योग संचालन पूर्व नै आवश्यक प्रदुषण नियन्त्रणको व्यवस्था गर्नुपर्ने। तोकिएको मापदण्ड एवं शर्तहरु पालना नगर्ने उद्योगहरुलाई दिएको समयावधी भित्र अन्यत्र स्थानान्तरण गर्ने"। भन्ने निर्णय भएको देखियो।

९. अतःऔद्योगिक प्रवर्द्धन बोर्डले मिति २०६६।०८।१२ (November 7, 2009) मा लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धनका लागि भएको उल्लेखित निर्णय विपरित उद्योग स्थापना गर्न उद्योग विभाग वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा सो मातहतका निकायहरुबाट भए गरेका सम्पूर्ण काम कारबाही र पत्राचार तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरि दिएको छ।

१०. माथि उल्लिखित आधार र कारणबाट लुम्बिनीको संरक्षणको विषय रिट निवेदकहरु संगै समस्त नेपाली र विश्व मानवताको सार्वजनिक चिन्ता र चासोको विषय भएकाले निम्न बमोजिमको कार्य गर्न गराउन प्रत्यर्थीहरुको नाममा नेपालको संविधानको धारा २६, धारा ३० ,धारा ४६, धारा ५१(ठ) तथा धारा १३३(२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिदिएको छः-

क) लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खाल (Boundary)को दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तरतर्फ पर्खाल देखि १५ कि.मी. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मी. भित्र धुलो, धुवाँ तथा कार्वन उत्सर्जन गर्ने कुनै पनि नयाँ उद्योग स्थापना गर्न अनुमती नदिनु।

ख) नेपाल औद्योगिक प्रवर्द्धन बोर्डको मिति २०६६।०८।१२ को १९० औ बैठकको निर्णयले लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको १५ कि.मि. भित्र कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने भनी निर्णय गर्नुको अर्थ पर्खालबाट १५ कि.मि. सम्मको क्षेत्र धुलो, धुवाँ तथा कार्बनजन्य प्रदुषण उत्सर्जन गर्ने उद्योग मुक्त क्षेत्र बनाउने लक्ष्य अनुसारकै हो भन्ने देखियो। सो निर्णयमा मिति २०६६।०८।१२ भन्दा अघि दर्ता भई संचालनमा रहेका उद्योगहरुको हकमा समेत पहिलो प्राथमिकतामा उद्योग स्थानान्तरण गर्ने उल्लेख भएको र यसरी सञ्चालित उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत क्षमता थप गर्न स्वीकृति प्रदान नगर्ने नीति कायम राख्नुको अर्थ क्रमशः त्यस्ता उद्योगहरु बन्द गराई स्थानान्तरण गराउने लक्ष्य रहेको प्रष्ट देखिएको समग्र अवस्थालाई मध्यनजर राखी ब्रम्हाण्डकै अतुलनीय मूल्य (Outstanding Universal Value) बोकेको भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दिर्घकालीन संरक्षणका लागि यो आदेश प्राप्त भएको मितिले

२ वर्ष भित्र धुलो, धुँवा वा कार्बन जन्य प्रदुषण उत्सर्जन गर्ने लुम्बिनीको पर्खालघेराको पूर्व, पश्चिम, उत्तर १५ कि.मि. दुरीसम्मका र दक्षिणमा भारतिय सिमासम्मका बन्द वा स्थानान्तरण नभएका उद्योग तथा कलकारखाना बन्द गर्नु वा स्थानान्तरण गर्नु गराउनु र यसरी धुलो, धुँवा वा कार्बन जन्य प्रदुषण उत्सर्जन गर्ने उद्योग तथा कलकारखाना बन्द वा स्थानान्तरण गर्दा वृहत्तर लुम्बिनीक्षेत्रको दिर्घकालिन संरक्षणमा समेत पर्याप्त ध्यान पुऱ्याउनु।

ग) उल्लेखित उद्योगहरु स्थानान्तरण भएपछिको खाली जग्गामा पर्यटन मैत्री व्यवसाय संचालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध गराउनु।

घ) लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तरतर्फ पर्खाल देखि १५ कि.मी. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मी. क्षेत्र भित्रको सडकमा १९ टन भन्दा बढी भार बाहन क्षमता भएको सार्वजनिक सवारी साधनको आवागमनमा रोक लगाउनु।

११.यसको जानकारी प्रत्यर्थीहरुलाई दिई यो आदेशको प्रभावकारी कार्यान्वयन गर्नु, गराउनु। रिट निवेदनको पूर्णपाठ तैयार हुन समय लाग्ने भएको हुँदा यो संक्षिप्त आदेश जारी गरिएको छ।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत २०८२ साल भदौ महिना ११ गते रोज ४ शुभम्..........................।